**स्वीकृत मितिः २०८१।०९।०४**

................................ इन्स्योरेन्स कम्पनी लिमिटेड

## अलैंची खेती बीमालेख

यस बीमालेखमा उल्लेख भएको अलैंची खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधीनमा रही बीमक .................. ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

### प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भ:(१) यस बीमालेखको नाम "अलैंची खेती बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणाम स्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको अलैंची खेतीको लागि आवश्यक पर्ने बिरुवाको श्रोत र उत्पादन अवस्था, गोडमेल, मलजल, सिंचाई, अन्तरबाली, तालिमी, काँटछाट, फल टिपाई समेतका गतिविधिहरुको विवरण कायम गरेको अभिलेख सम्झनु पर्छ ।

(ग) "अलैंची खेती" भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए बमोजिम गरिने अलैंचीको खेती सम्झनु पर्छ।

(घ) "दावी" भन्नाले बीमा गरिएको अलैंची खेतीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ङ) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(च) "प्राविधिक" भन्नाले एस.एल.सी/एसईई वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. वा कृषि विज्ञान विषय लिई एस.एल.सी./एसईई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(छ) "प्राविधिक जाँच सिफारिस" भन्नाले बीमा गर्न प्रस्तावित अलैंची खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ज) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(झ) "बीमा अवधि" भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ञ) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम अलैंची खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ट) "बीमालेख" भन्नाले बीमकले जारी गर्ने अलैंची खेतीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजात सम्झनु पर्छ।

(ठ) "बीमाशुल्क" भन्नाले अलैंची खेतीको बीमा गरेबापत् बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(ड) "बीमित" भन्नाले अलैंची खेतीको बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ ।

(ढ) "रक्षावरण" भन्नाले दफा ३ मा उल्लेखित जोखिमको रक्षावरण गरिएको अवस्था सम्झनु पर्छ।

(ण) "क्षति" भन्नाले दफा ३ मा उल्लेखित जोखिमको कारणले भएको क्षति सम्झनु पर्छ।

(त) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(थ) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(द) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले यस बीमालेख बमोजिम बीमक वा क्षति मूल्याङ्कनकर्ताले अलैंची खेतीमा आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

## परिच्छेद-२
## रक्षावरण

३. रक्षावरण: यस बीमालेख अन्तर्गत बीमा अवधिभित्र देहायका जोखिमको रक्षावरण हुनेछः-

(क) आगलागी वा अग्निको कारणले भएको क्षति।

(ख) हावाजन्य क्षति:

(अ) हुरीबतासको कारणले भएको क्षति,

(आ) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) जल उत्पन्न तथा मौसमजन्य क्षति:

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति,

(आ) असिना वा हिउँको कारणले भएको क्षति,

(इ) बाढी वा डुवानको कारणले भएको क्षति,

(ई) खडेरीको कारणले भएको क्षति,

(उ) तुसारोको कारणले भएको क्षति,

(ऊ) शितलहरको कारणले भएको क्षति।

(घ) भूमिजन्य क्षतिः

(अ) भूकम्पको कारणले भएको क्षति,

(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चटयाङ्गको कारणले भएको क्षति।

(च) रोग तथा किराको कारणले भएको क्षति।

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति।

(ज) जंगली जनावरको आक्रमण (खाएर, कुल्चिएर, माडेर, खोस्रेर, उधिनेर वा झारेर) बाट भएको क्षति।

४. दुर्घटना बीमा : (१) बीमितले न्यूनतम दुई लाख रूपैंया बराबरको दुर्घटना बीमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रुपैयाँ बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्षभन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमाशुल्क लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिने बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुनः अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन।

तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै कृषकलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा (४) बमोजिमको अवधिसम्म दुर्घटना बीमा रहनेछ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-१** बमोजिम राख्नु पर्नेछ।

५. बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेः दुर्घटना बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. <u>अपवादः</u> (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) अलैंची खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायको आदेशमा अलैंची खेती नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट अलैंची खेती क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) सैनिक विद्रोह शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

**(क)** बीमितले प्रस्ताव फाराममा विवरण दिँदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा,

**(ख)** बीमा गरिएको अलैंची खेती चोरी भएमा,

**(ग)** बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले अलैंची खेतीमा क्षति पुऱ्याइएमा,

**(घ)** बीमितको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारको रिसइबी पूर्ण व्यवहारको कारणबाट अलैंची खेतीमा क्षति भएमा,

**(ङ)** कुनै प्रकारको महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको अलैंची खेतीमा उक्त महामारीबाट क्षति भएमा,

**(च)** नेपाल सरकारबाट उन्मोचित (रिलीज) वा सूचीकृत गरिएका अलैंची खेतीका जात वा चलनचल्तीबाट स्थापित जातहरूबाहेक अन्य जातको बीउ प्रयोग गरिएमा,

**(छ)** उन्मोचित (रिलीज) तथा सिफारिस जातहरूको हकमा जात अनुसारको सिफारिस क्षेत्र फरक पारी बाली लगाएमा,

**(ज)** अलैंची उत्पादन टिपिसकेपछी (**Harvest**) अलैंची खेतीमा कुनै पनि प्रकारको क्षति/हानी-नोक्सानी भएमा।

परिच्छेद-३

## बीमालेख तथा बीमा सम्बन्धी शर्त

७. प्रस्ताव फाराम बुझाउनु पर्ने: (१) बीमालेख खरिद गर्नुपूर्व बीमितले **अनुसूची-२** बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा **अनुसूची-३** बमोजिम सम्बन्धित प्राविधिकले अलैंची खेती प्राविधिक रूपमा खेती योग्य र बीमा योग्य छ वा छैन भनी दिएको प्राविधिक जाँच सिफारिसपत्र संलग्न गर्नु पर्नेछ।

(३) अलैंची खेती गरिने जग्गा भाडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनीसँग भएको सम्झौता पत्रको प्रतिलिपि बीमा प्रस्ताव फाराम साथ पेश गर्नु पर्नेछ ।

८. बीमालेख जारी गर्ने: (१) दफा ७ बमोजिमको प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिस पत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२) अलैंची खेतीको बीमा गर्दा लागतको आधारमा गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुदान बाहेकको बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. पुनःजाँच परीक्षण तथा निरीक्षण गर्नु पर्ने: दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको अलैंची खेतीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन **अनुसूची-४** बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसँग संलग्न गरी राख्नु पर्नेछ।

१०. बीमालेख रद्द हुने अवस्था:(१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको नपाइएमा,
(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,
(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेमा,
(घ) बीमा गरेको अलैंची खेतीलाई उचित हेरचाह नगरी लापरवाही गरेमा,
(ङ) बीमा गरेको अलैंची खेती त्याग गरेमा,
(च) गैरकानूनी तवरले बीमा गराएमा,
(छ) बीमायोग्य हित कायम नभएमा।

(२) उपदफा (१) बमोजिम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नाको कारण समेत खुलाउनु पर्नेछ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिनभित्र प्राधिकरणमा दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

११. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत अलैंची खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा गर्नु पर्नेछ ।

(२) बीमा गरिएको अलैंची खेतीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो अलैंची खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१२. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको अलैंची खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ ।

१३. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले गरेको अलैंची खेतीको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले सो कुराको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरिदिनु पर्नेछ।

१४. <u>बीमालेखको पुनर्स्थापना:</u> अलैंची खेती बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. <u>बीमालेखको अवधिः</u> (१) बीमालेखको अवधि एक वर्षको हुनेछ।

(२) अलैंची खेतीको बीमा अलैंची रोपिएको शुरुको वर्ष देखि सोह्र वर्ष सम्म गर्न सकिनेछ ।

(३) अलैंची खेती बीमालेख जारी गर्दा निश्चित समय (घण्टा र मिनेट) खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ।

(४) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(५) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(६) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिनु पर्नेछ।

१६. <u>बीमकको कर्तव्यः</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछ।

(२) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने अलैंची खेती समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(३) बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

(४) बीमकले यस बीमालेख बमोजिम अलैंची खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी अस्विकार गर्न पाउने छैन।

(५) बीमकले बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) बीमकले बीमितलाई यस बीमालेखसँग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, विवरण, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

(७) यस बीमालेख बमोजिम अलैंची खेतीको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्णरूपले पालना गर्नु पर्नेछ।

(२) बीमक वा सम्बन्धित संस्थाका आधिकारिक प्रतिनिधिलाई बीमितले बीमा गरिएको अलैंची खेतीको अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नु पर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. बीमा गर्न नपाइनेः एउटै क्षेत्रफलमा लगाइएको अलैंची खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद ४
## बीमाङ्क तथा बीमाशुल्क

१९. बीमाङ्क निर्धारणः अलैंची खेतीको बीमाङ्क निर्धारण **अनुसूची-५** मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नु पर्ने अलैंची खेतीको क्षेत्रफल थप गर्नु परेमा त्यसरी थप गरिने अलैंची खेतीको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. बीमाशुल्क र गणनाः (१) यस बीमालेख बमोजिम जारी हुने अलैंची खेतीको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्नेछ।

(२) उपदफा (१) बमोजिम बीमाशुल्कको गणना **अनुसूची-६** मा उल्लेखित सुत्रलाई आधार मानेर गरिनेछ।

२२. सामूहिक बीमाः(१) अलैंची खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै अलैंची खेतीको अभिलेख कायम गर्नु पर्नेछ।

## परिच्छेद -५
## अलैंची खेती बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. बीमितिले पालना गर्नु पर्नेः बीमा गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) समुन्द्र सतहबाट ६०० देखि २३०० मिटरसम्मको उचाईमा अलैंची खेती गरिएको हुनु पर्ने,

(ख) नयाँ बगैचा स्थापना गरिएको हकमा अलैंचीको बेर्ना लगाएको पन्ध्र दिन भित्र बीमा गरी सक्नु पर्ने,

(ग) नयाँ बगैचाको हकमा कम्तीमा १.५ देखि २ फिट उचाइ भएको तथा कम्तीमा २.५ वर्ष उमेर पुगेको बिरुवा हुनु पर्ने,

(घ) बिरुवा सार्नु पहिले नै ६० से.मी. गहिरो, ६० से.मी. व्यास भएको खाडल खन्नु पर्ने र प्रति गाँज सिफारिस मात्राको मल प्रयोग गर्नु पर्ने,

(ङ) अलैंचीको बिरुवा जेष्ठ देखि श्रावण महिनासम्ममा रोपि सक्नु पर्ने,

(च) अलैंची खेतीको बीमा गर्नका लागि न्यूनतम ३१ गाँज हुनु पर्ने,

(छ) रोपण गरेको बिरूवामा नियमित सिंचाई, गोडमेल तथा गाँज बनाएको हुनु पर्ने,

(ज) बगैचामा भएको अलैंचीको बिरुवासँग प्रतिस्पर्धा नगर्ने, अलैंचीको बोट र जरालाई असर नगर्ने तथा रोग र किराहरुलाई आश्रय नदिने खालका बालीहरु अन्तर बालीको रुपमा लगाउन सकिने,

(झ) रोपणको लागि प्रयोग हुने बिरुवा तयार गरिएको विधि, कलमी विधि, प्राप्त गरेको मिति, जात, नर्सरी अथवा फार्मको जानकारी अभिलेख कायम गरिएको हुनु पर्ने,

(ञ) बीमा गरिएको अलैंची खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार तथा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्ने,

(ट) नेपाल बाहेक अन्य मुलुकबाट रोपण सामग्री खरिद गरी ल्याइएको हकमा रोपण सामग्रीको विवरण खुल्ने प्रमाणित कागजात, खरिद बील, भन्सार र आयात स्वीकृत प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ठ) अलैंची खेती गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको **अनुसूची-७** बमोजिम अभिलेख राखिएको हुनु पर्ने।

## परिच्छेद -६
## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचना: (१) यस बीमालेखले रक्षावरण गरेको अलैंची खेतीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरू: बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः-

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(ग) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(घ) स्थानीय तहको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधिक वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको **अनुसूची**-७ बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

२६. दावी: (१) बीमितले दफा २५ बमोजिमका कागजात सहित बीमक समक्ष बीमा दावी गर्नु पर्नेछ।

(२) बीमकले अलैंची खेतीको दावी भुक्तानी गर्दा **अनुसूची-८** बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानी गर्नु पर्नेछ।

(३) बीमा अवधि भित्र प्रति हेक्टर पाँच प्रतिशत भन्दा बढी बिरुवा (गाँज) क्षति भएमा मात्र बीमा दावी भुक्तानी गरिनेछ ।

(४) बीमा अवधि भित्र बीमा गरिएको अलैंचीको बोट (गाँज) क्षति भई नयाँ बिरुवा प्रतिस्थापन गरेको अवस्थामा नयाँ बिरुवा गन्तीको आधारमा चालु बीमाशुल्क दर अनुसार बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ ।

(५) यस बीमालेख अन्तर्गत बीमा गरिएको अलैंची खेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी नोक्सानीको दावी गर्न पाइने छैन ।

२७. <u>दावी भुक्तानी:</u> (१) दफा २६ बमोजिम दावी परेपछि बीमकले आफू समक्ष परेको अलैंची खेतीको बीमा दावीको तत्काल दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम अलैंची खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको अलैंची खेतीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप **अनुसूची-९** बमोजिमको क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनु पर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी **अनुसूची-९** बमोजिमको क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ ।

(१०) बीमालेख अन्तर्गत दावी भुक्तानी योग्य रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ ।

## परिच्छेद -७

## विविध

२८. <u>न्यूनतम क्षेत्रफलः</u> (१) बीमितले सुरक्षण गर्न पाउने अलैंची खेतीको लागि न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटि बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने अलैंची खेती लगाएको जग्गाको कित्ता नं. उल्लेख गर्नु पर्नेछ।

तर कित्ता नं. उल्लेख नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानिय तहले प्रदान गरेको संकेत नं. समेतको प्रमाण लिनु पर्नेछ।

२९. <u>उजुरी गर्न सक्नेः</u> देहायको अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावीको निवेदन दर्ता नगरेमा,
(ख) बीमकले दावी वापतको रकम नदिएमा,
(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,
(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,
(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

३०. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> प्राधिकरणको अध्यक्षले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

……………इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची - १

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

<u>अलैंची खेती सामुहिक बीमाको विस्तृत विवरण</u>

बीमालेख धारक संस्थाको नामः ………

बीमालेख धारकको ठेगानाः ………

बीमालेख नं.: ………………………

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको बोट (गाँज)को संङ्ख्या | बीमा गरिएको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**संस्थाको प्रतिनिधिको**

हस्ताक्षरः

नामः

पदः

संस्थाको प्यान नं.:

छापः

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**अलैंची खेती बीमाको प्रस्ताव फाराम**

(१) अलैंची खेती बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः.............................................

(२) प्रस्तावकको पूरा ठेगानाः  प्रदेश..................जिल्ला...................पालिका................वडा नं. .......
टोलः .................... सम्पर्क नं. ...................... ईमेल.....................

(३) प्रस्तावित बीमाको किसिमः (चिनो लगाउनुहोस्)
(क) लागतमा आधारित ( )

(४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः-

| क.सं. | अलैंची खेती | | रोपण सामग्री | बोटको उमेर | क्षेत्रफल | बोटहरु बीचको दूरी | जम्मा बोट संख्या | बीमा गर्ने बेलाको प्रतिबोट उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(५) अलैंची खेती लगाईएको स्थानको पूर्ण विवरण
प्रदेश.................. जिल्ला ................... पालिका...............वडा नं. ..... टोलः..................
कित्ता नं. .....................चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं(ऐलानी जग्गाको हकमा)
.....................जग्गाको क्षेत्रफलः..................................

(६) अलैंची खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(७) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः
समूह वा बीमालेख धारकको नामः .............................................
ठेगानाः प्रदेश....................जिल्ला....................पालिका.................. वडा नं. ........ कित्ता नं.....
सम्पर्क नं..................इमेल............

(८) अलैंची रोपण गरेको मितिः .........................

(९) अलैंची लगाउनु पूर्व लगाएको बालीको विवरण .........................

(१०)अलैंची खेतीको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ ?यदि छ भने उक्त बालीको नाम उल्लेख गर्नुहोस्...............................

(११)प्रति बोट अलैंचीमा मलखाद प्रयोगको स्थितिः
कम्पोष्ट मल (के.जी.) ............................
युरीया (ग्राम) ......................
डी.ए.पी. (ग्राम) ........................
पोटास (ग्राम) ...........................

अन्यः ..............................

(१२) पुरानो बगैचाको बीमा गर्ने भए नियमीत तालिमी र काट छाँटको अवस्था बारे उल्लेख गर्नुहोस ? अलैंची खेतीमा हर्मोनहरुको प्रयोग गर्नु भएको छ ? छ भने कुन कुन अवस्थामा प्रयोग गर्नुहुन्छ ?

(१३) तपाईले यस अघि गर्नु भएको अलैंची खेतीमा किरा वा रोग लागेको थियो ? ....................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो ?......................................

(१४)यदि किरा वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१५)यस अघि कुनै बीमा कम्पनीमा अलैंची खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो ?उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(१६)कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त अलैंची खेतीमा लगानी गरेको छ वा छैन ?यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्:

नाम/ठेगानाः ..................................................................

प्रदेश..........जिल्ला.............पालिका..............वडा नं.......टोलः....सम्पर्क नं......................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु...........अक्षरेपी .....................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, अलैंची खेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं। मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको,छिपाएको छैन। यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**<u>प्रस्तावकको</u>**

हस्ताक्षरः

नाम(संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नामः

मितिः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ को उपदफ (२) सँग सम्बन्धित)**

**प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) अलैंची खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः ................................................

(२) पूरा ठेगानाः प्रदेशः......... जिल्ला.............पालिका...........वडा नं. ........टोल .......सम्पर्क नं. ............ ईमेल....................................

(३) बीमाको लागि प्रस्तावित जम्मा बोट (गाँज) संख्याः .............

(४) अलैंची लगाईएको स्थानको पूर्ण विवरणः
प्रदेशः................जिल्ला......................पालिका..........वडा नं................ टोलः................ कित्ता नं........... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं............ (ऐलानी जग्गाको हकमा) जग्गाको क्षेत्रफलः.................................

(५) क्षति भएका बिरुवाहरुको ठाउँमा नयाँ बिरुवा रोप्ने, गोड मेल गर्ने, मल दिने तथा काटछाँट गर्ने लगायत अन्य नियमित व्यवस्थापनका कामहरु गरिएको छ कि छैन ?.....................

(६) हर्मोनको प्रयोग गरिएको छ भने कुन प्रयोजनका लागि, कति मात्रामा र कुन अवस्थामा प्रयोग गरिएको हो?

(७) अलैंचीको बोटहरुको बीचमा अन्तरबाली लगाएको भए बालीको नाम .........................

(८) अलैंचीको बोटहरुमा कुनै रोग/किराको संक्रमण देखु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस।
........................................

(९) त्यस क्षेत्रमा विगतमा अलैंची खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो ? यदि थियो भने कहिले कुन रोग वा किराबाट क्षति भएको हो ? उल्लेख गर्नुहोस् ।
.....................................

(१०) अलैंची खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस्।
....................................................................

(११) अलैंची खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?
........................................

(१२) अलैंची खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?
.................................................

यस अनुसूचीमा उल्लिखित अलैंची खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुट्टा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| **ल्याप्चे छाप** | |
| --- | --- |
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

सम्पर्क नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा ९ सँग सम्बन्धित)**

**<u>प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन</u>**

(१) अलैंची खेती बीमित (व्यक्ति वा संस्था) को नामः.............................................................

(२) अलैंची खेती बीमालेख नंः

(३) बीमा गरिएको अवधिः

(४) अलैंची खेती गरिएको स्थानः

प्रदेश..............जिल्ला ............पालिका............वडा नं. ..........टोलः....................

(५) अलैंची खेतीको क्षेत्रफलः

(६) अलैंची खेतको बीमा गर्दाको समयमा बोट संख्याः

(७) अलैंची बोटको उमेर...........

(८) अलैंची खेतीको अवस्थाः

(क) अलैंची खेतीको उचित स्याहार गरेको वा नगरेको .........

(ख) मलजल गरेको वा नगरेको .......................

(ग) अन्तरबाली लगाएको वा नलगाएको ...................................

(घ) अन्तरवाली लगाएको भए कुन कुन प्रकारका बाली र कुन अवधिमा लगाइएको ................................

(ङ) रोग र किरा लागेको वा नलागेको ..............................................

(च) रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको ..................

(छ) रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ...............................

(ज) रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको ..............................

(झ) सटिइएको जग्गामा रोग तथा किराको प्रकोप देखिएको भए उल्लेख गर्ने ..........................

(९) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको बिरुवाको विस्तृत विवरण

.........................................................................................................

(१०) अलैंची खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव।

........................................................................................................................

(११) अलैंची खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव ।..........................................................................................................

यस अनुसूचीमा उल्लिखित अलैंची खेतीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

सम्पर्क नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं./दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -५**

**(दफा १९ सँग सम्बन्धित)**

**अलैंची खेती बीमाङ्क निर्धारण तालिका**

| **समयावधि** | **बीमाङ्क रकम निर्धारण** | **बीमाङ्क रकम प्रति/हेक्टर** | **प्रति बोट (गाँज) रु.** |
|---|---|---|---|
| पहिलो वर्ष | लागत मूल्य (प्रति हेक्टर)/ बिरुवाको संख्या (प्रति हेक्टर) | रु.५३४२३६।- | ११८।७१ |
| दोस्रो वर्ष देखि चौथो वर्ष सम्म | पहिलो वर्षको बीमाङ्कमा ८ प्रतिशत थप गरी | रु.५३४२३६*८% +रु.५३४२३६ = **रु.५७६९७४।८८** | १२८।२१ |
| पाँचौ वर्ष देखि सोह्रौ वर्ष सम्म | पहिलो वर्षको बीमाङ्कमा २० प्रतिशत थप गरी | रु.५३४२३६*२०% +रु.५३४२३६ = **रु.६४१०८३।२०** | १४२।४६ |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-६

**(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)**

**बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका**

| | |
|---|---|
| अलैंची बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br>नागरिकता जारी गरिएको जिल्ला/संस्थाको हकमा संस्था दर्ता भएको स्थान..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्रको किसिम तथा नम्बर.....................<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था.....................<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति .....................<br>व्यक्ति/संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः........जिल्ला............वडा नं.......टोल...............घर नं.......... सम्पर्क नं. ............... ईमेल .................... | बीमालेख नं.<br>अभिकर्ताको नामः<br>अभिकर्ता ईजाजतपत्र नंः.<br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br>प्राविधिकको कोड नंः.<br>बीमालेख जारी मितिः<br>बीमालेख जारी समयः<br>बीमालेख जारी स्थानः<br>नगदी बीजक जारी मिति तथा समयः<br>नगदी बीजक नंः.<br>बीमाङ्क रकम रुः |
| **(खुलाउनु पर्ने)**<br>प्रस्तावित बीमाको किसिमः.....................<br>लागतमा आधारित ( )<br>बोटको कुल संख्या .....................<br>बीमा गरिएको बोटको संख्या .........................................<br>क्षेत्रफल ....................................<br>जात..................................<br>बीमा प्रारम्भ मितिः ................<br>बीमा समाप्तिमितिः.............................<br>बीमाअवधिः .................. | **बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकमः<br>ऋणको अवधिः<br><br>**अलैंची लगाइएको स्थानः**<br>प्रदेशः...................................जिल्ला............<br>पालिका....................वडा नं. ....................... टोल.........................<br>कित्ता नं ............ |

| | |
|---|---|
| | चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) ..................... |

**इच्छाईएको व्यक्तिको**

नाम, थरः
बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः
इच्छाईएको व्यक्तिको बुबाको नामः
इच्छाईएको व्यक्तिको आमाको नामः

सम्पर्क नं. ...............
ठेगाना..................
ईमेल ............................

**अलैंची खेति बीमा गणना तालिका**

| **अलैंची बोट संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
|---|---|---|---|
| (लागतको आधारमा) | | बीमाङ्क रकमको (५)पाँच प्रतिशत ................... | रु. “क” |
| कुल जम्मा बीमाशुल्क (क) | | | रु. “ख” |
| प्रत्यक्ष छुट (प्रतिशत खुलाउने) | (ख ......% ) = रु. “ग” | | |
| छुट पछिको बीमाशुल्क | प्रत्यक्ष छुट भएमा (ख -ग)= रु. “घ”<br>छुट नभएको हकमा (ख - ०) = | | |
| नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत (घ ×....% ) = रु. “ङ”<br>बीमितले तिर्ने (घ -ङ ) = रु. “च” | | |
| बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या “अ” | बीमाशुल्क (रु २००) “आ” | (अ × आ) रू. “छ” |
| बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क | च +छ = रु. “ज” | | |

<u>बीमालेख स्वीकृत गर्ने अधिकारिको</u>
हस्ताक्षरः
नामः
पदः
मितिः
छापः

## क. लागतको आधारमा अलैंची खेतीको बीमाशुल्क गणना तालिका

<table>
<tr><th>क.सं.</th><th colspan="3">सुत्र</th><th>रकम</th></tr>
<tr><td>१.</td><td colspan="3">अलैंची बोटको बीमाङ्क=अलैंची बोटको संख्या * प्रति बोटको लागत मूल्य</td><td>रू...."क"</td></tr>
<tr><td>२.</td><td colspan="3">अलैंची खेतीको बीमाशुल्क=क * बीमाङ्क रकमको ५% (पाँच प्रतिशत)</td><td>रू...."ख"</td></tr>
<tr><td>३.</td><td colspan="3">प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा "०" राख्ने</td><td>रू....<br>"ग"</td></tr>
<tr><td>४.</td><td colspan="3">छुट पछिको रकम<br>(ख — ग)</td><td>रू.... "घ"</td></tr>
<tr><td>५.</td><td colspan="3">नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को .....%)</td><td>रू.... "ङ"</td></tr>
<tr><td>६.</td><td colspan="3">जम्मा बीमाशुल्क =घ—ङ</td><td>रू.... "च"</td></tr>
<tr><td rowspan="2">७.</td><td rowspan="2">बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क</td><td>बीमितको सङ्ख्या "अ"</td><td>बीमाशुल्क (रु. २००) "आ"</td><td rowspan="2">(अ × आ )<br>रू....<br>"छ"</td></tr>
<tr><td>-</td><td>-</td></tr>
<tr><td>८.</td><td colspan="3">बीमितले तिर्नुपर्ने कूल बीमाशुल्क रकम =च+छ</td><td>रू....</td></tr>
</table>

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

काठमाण्डौ, नेपाल

अनुसूची -७

(दफा २३ को खण्ड (ठ) र दफा २५ को खण्ड (ङ) सँग सम्बन्धित)

## अलैंची खेती सम्बन्धी प्राविधिक व्यवस्था सम्बन्धी अभिलेख

**(१) अलैंचीको प्रति हेक्टर बोट सङ्ख्या निर्धारण तालिका**

| क्र.सं. | दुरी (मि. × मि.) | बिरुवा प्रति हेक्टर |
|---|---|---|
| १ | ६ × ६ | २७८ |
| २ | ८ × ८ | १५६ |
| ३ | १० × १० | १०० |
| ४ | १२ × १२ | ६९ |

**द्रष्टव्य:** अलैंची बगैचा योजना अनुसारको बोटको जात, बिरुवा तयार गरेको विधि, रेखाङ्कन विधि अनुसार बोट देखि बोट र हार देखि हारको दुरी निर्धारण गरी प्रति हेक्टर बिरुवा सङ्ख्या कायम गर्नुपर्दछ ।

**(२) अलैंचीखेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| बिरुवा रोपण | | | |
| सिंचाई | | | |
| गोडमल | | | |
| मलखाद | | | |
| हर्मोनको प्रयोग | | | |
| काँटछाँट | | | |
| अन्तरबाली लगाएको | | | |
| फल टिपाई | | | |
| अन्य | | | |

(३) रोपणको लागि प्रयोग गरिने बिरुवाको विवरण

| क्र.सं. | बिरुवा प्राप्त गरेको मिति | नर्सरीको नाम तथा ठेगाना | जात | माउ बोटको औसत उत्पादन (के.जी.) | बिरुवा तयार गरेको विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(४) अलैंची उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण

| मिति | उत्पादन परिमाण (के.जी.) | घरायसी उपयोगको परिमाण (के.जी.) | बिक्री परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>**द्रष्टव्यः**</u>प्रति बोट लिएको उत्पादन (के.जी.)= कुल उत्पादन परिमाण(के.जी.)/ कुल बीमा गरिएका बोट संख्या

(५) हर्मोन/विषादीको प्रयोग

| हर्मोन/बिषादी प्रयोग गरेको मिति | हर्मोन/विषादीको नाम/प्रकार | परिमाण | हर्मोन/विषादीको स्रोत(आफैंले बनाएको/ किनेको) | खरिद गरेकोभए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | हर्मोन/बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ८**

**(दफा २६ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>अलैंची खेतीको बीमा दावी भुक्तानी तालिका</u>**

| **विवरण** | **वास्तविक क्षति प्रतिशत (प्रतिबोट कायम बीमाङ्कको )** |
|---|---|
| बिरूवा रोपण गरेको वर्ष (१२ महिनासम्म) | ७५ |
| १—२ वर्षको बोट | ८० |
| २—३ वर्षको बोट | ९० |
| ३—४ वर्षको बोट | ९५ |
| ४—५ वर्षको बोट | ९५ |
| ५ वर्ष पूरा भएको बोट | १०० |

**<u>द्रष्टव्यः</u>-** लागतको आधारमा प्रदान गरिने दावीको हकमा बीमकले दावी भुक्तानी प्रदान गर्दा बास्तविक क्षति (प्रति बोट कायम बीमाङ्कको) प्रतिशतमा दावी रकम निर्धारण गरी त्यसबाट अधिक रकम कट्टा गरी दावी भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ९**

**(दफा २७ को उपदफा (४ र ७) सँग सम्बन्धित)**

**<u>अलैंची खेती क्षति मूल्याङ्कन प्रतिवेदन</u>**

**१. क्षति मूल्याङ्कनका लागि नियुक्ति दिने बीमकको नाम .........................**
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. र मिति .............

**२. क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नाम..............................**
प्यान (PAN)नं. ............... कोड नं............ सम्पर्क नं. .............इमेल...........................

**३. क्षति मूल्याङ्कन गर्ने स्थानको पूरा ठेगानाः**
प्रदेशः...................जिल्ला................पालिका...................वडा नं.............टोलः....................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................
क्षति मूल्याङ्कनका लागि लागेको अवधिः
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

**४. दावी कर्ताको विवरणः**
बीमा दावी कर्ताको नामः ..........................................
ठेगानाः ...............................................
बीमालेख नं. ...............................................
क्षति भएको बीमाको किसिमः आंशिक ☐ पूर्ण ☐

**५. क्षति सम्बन्धी विवरणः**
क्षति भएको मितिः .........................क्षति भएको समयः ...........................................
क्षति भएको बोटको अवस्थाः उत्पादन नहुँदै ☐ उत्पादन हुन थालेपछि ☐

**६. क्षति हुनुको कारणः**

७. क्षतिको मूल्याङ्कनः

| **<u>लागतको आधारमा भएको क्षतिको मूल्याङ्कन</u>** | |
|---|---|
| **विवरण** | **गणना** |
| बीमा भएको अलैंची खेतीको क्षेत्रफलः | .............................. |
| जम्मा बीमा भएको बोट (गाँज) संख्याः | .............................. |
| क्षति भएको जम्मा बोट (गाँज) संख्याः | ............................... |

| | |
|---|---|
| प्रतिबोट लागत मूल्य रू. | ..................................... |
| कुल क्षति मूल्य रू | (क्षति भएको जम्मा बोट(गाँज) संख्या * प्रतिबोट लागत रू * वास्तविक क्षति प्रतिशत) / १००) |
| अधिक रकम (रू.१०,००० वा दावी रकमको १० % (दश प्रतिशत) मध्ये जुन कम हुन्छ) | ........................... |
| खुद क्षति मूल्य | कुल क्षति मूल्य रू. — अधिक रकम |
| | |

८. स्थिर फोटो संख्या (कम्तीमा पाँचवटा) ..........................................................

९. कम्तीमा एक मिनेटको भिडियो क्लिप ..............................................

माथि उल्लिखित अलैंची खेतीमा भएको क्षति सम्बन्धमा क्षति मूल्याङ्कन गर्दा लिइएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरीक्षतिको मूल्याङ्कनको क्रममा प्राप्त भएका तथ्यगत जानकारी तथा विवरणहरू ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः ..............................................

सम्पर्क नं..............................................

कोड नं./

दर्ता नं./तालिम इजाजतपत्र नं. ................

हस्ताक्षरः

संस्थाको हकमाः

प्यान नं.: .....................

मितिः.......................